Curriculum Development Journal, Year 30, No. 44, 2022 A.D.
DOI: https://doi.org/10.3126/cdj.v30i44.54985

# 'हिटलर र यहुदी' उपन्यासमा परिवेश

*गोकुल पोखरेल**

## लेखसार

*प्रस्तुत अध्ययनमा हिटलर र यहुदी उपन्यासमा प्रस्तुत परिवेशको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासले द्वितीय विश्वयुद्धकालीन परिवेशलाई समेटेको छ । द्वितीय महायुद्धका कारण तहसनहस भएको युरोपीय देशको स्थानगत सन्दर्भलाई स्थानिक परिवेश बनाइएको छ । यसमा प्रस्तुत भएका पात्र र तिनले भोगेका पीडा, दोस्रो विश्वयुद्धजन्य त्रासदी, त्यसको अभिघातलाई अत्यन्त सजीव रूपमा प्रस्तुत गरिएको छ । औपन्यासिक प्रकरण र पात्रका माध्यमबाट दोस्रो महायुद्धको सङ्घातलाई सङ्केत गरेर हिटलरले गरेको मानवताविरोधी नरसंहारलाई त्रासद् र बीभत्स रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासले सबैभन्दा बढी कार्यपीठिका बनाएको स्थान जर्मन हो । हिटलरकालीन समय र त्यसबाट सिर्जना भएको बीभत्स, त्रासद् र दारूण वातावरणको चित्रण भएको छ । द्वितीय विश्वयुद्धले बनाएको ध्वस्तत्रस्त युरोप र त्यसबाट सिर्जना भएको अभिघातलाई उपन्यासको परिवेशजन्य सन्दर्भ बनाएर प्रस्तुत गरिएको छ । यही स्थान र कालजन्य परिवेश र तिनको प्रकरणगत विन्यासले सिर्जना भएको पाठकीय प्रभाव वा आन्तरिक वातावरणले उपन्यासलाई आस्वाद्यसमेत बनाएको छ । यिनै स्थानगत , समयगत र वातावरणगत परिवेश र त्यसले सिर्जना गरेको औपन्यासिक विश्वसनीयता र पाठकीय प्रभावोत्पादकता तथा औपन्यासिक गुणवत्तालाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** *काल, परिवेश, पाठक प्रभाव, वातावरण, स्थान ।*

## विषयपरिचय

प्रस्तुत आलेखमामा *हिटलर यहुदी* उपन्यासमा प्रयुक्त परिवेशलाई अध्ययनको प्रमुख पक्ष बनाइएको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) द्वारा रचित *हिटलर र यहुदी* नेपाली साहित्यको एक चर्चित उपन्यास हो । यसमा उपन्यासकारले द्वितीय विश्वयुद्धको परिवेश र त्यसले सिर्जना गरेको भयावह मानसिक अवस्थालाई प्रस्तुत गरेका छन् । युद्धका नाममा लाखौँ मानिसहरूको बीभत्स हत्या गरिएकाले त्यो कुनै पनि हालतमा मानवीय अस्तित्वका दृष्टिले उपयुक्त छैन तथा त्यो युद्ध जुनसुकै भावनाले प्रेरित भएर गरिएको भए पनि मानवता विरोधी छ भन्ने आफ्नो स्पष्ट दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । यसै युद्धसँग जोडेर पूर्वीय सभ्यताको महाभारत युद्ध र गीता

*पाटन संयुक्त क्याम्पस, पाटनढोका ललितपुर । Email: shreepanthee@pncampus.edu.np

दर्शन एवम् महाभारतको आधुनिक संस्करण द्वितीय विश्वयुद्ध र हिटलरको नीतिका बिचको परस्पर तुलना गरी यी दुवै युद्धहरू मानवता विरोधी, समाज विरोधी थिए भन्ने धारणा प्रस्तुत गरिएको छ । नियतिका नाममा मानवताको स्खलन गर्ने प्रयत्न कसैद्वारा पनि गरिनु हुन्न भन्ने प्रखर मानवतावादी दृष्टिकोण पनि यस उपन्यासमा व्यक्त भएको छ । यही युद्धजन्य विभीषिकाको प्रस्तुतिका लागि प्रस्तुत उपन्यास मिथकीय सन्दर्भ महाभारतदेखि द्वितीय विश्वयुद्ध र त्यसको पछिसम्मको असर देखाउन म पात्रका सन्दर्भबाट स्थानिक र कालिक परिवेश अभिव्यञ्जित गर्न सफल भएको छ । नेपालबाट सुरू भएको म पात्रको यात्राको सन्दर्भ मानसिक रूपले महाभारतसम्म र यथार्थ रूपले भारत हुँदै युरोपसम्म पुगेर यसले गरेका यावत् अनुमानहरू मानसिक परिवेशका रूपमा रहेका छन् ।

परिवेश उपन्यासमा प्रस्तुत देश, काल र वातावरणलाई जनाउने शब्द हो । परिवेशसँग कथावस्तु र पात्रहरूको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यसअन्तर्गत मूलतः स्थान, समय, रीतिस्थिति, आचरण, संस्कृति, वेषभूषा प्राकृतिक पृष्ठभूमिगत पक्ष तथा यी सबै कारणले उपन्यासमा सिर्जना भएको मानसिक वातावरण आउँछ । त्यसैले साहित्यिक कृतिमा परिवेशलाई सेटिङका रूपमा पनि लिइएको पाइन्छ । कथावस्तु, पात्र, भाषाशैली जस्ता साहित्यिक कृतिका स्थूल संरचनात्मक पक्षको निर्माणमा परिवेशले भूमिका खेलेको पाइन्छ । यसै परिवेश उत्पन्न गर्ने मानसिक अनुभूतिको सबल अभिव्यक्ति वातावरणअन्तर्गत हुने गर्छ । जीवन र जगत्को कलात्मक अभिव्यक्ति साहित्यमा हुने भएकाले जीवन र जगत्का घटनाहरूको साहित्यमा अभिव्यक्ति हुन्छन् । अतः साहित्यिक कृतिको निर्माणमा परिवेश अनिवार्य घटकका रूपमा रहेको हुन्छ । साहित्यिक कृतिमा प्रस्तुत भएका घटना र समयको विश्वसनीयताका लागि पनि परिवेशको निर्माण आवश्यक हुन्छ । साहित्यिक कृतिमा घटनाहरू कहाँ कहाँ घटेका छन्; कहिले कहिले घटेका छन्; ती घटना र सन्दर्भले साहित्यमा के कस्तो वातावरण सिर्जना गरेका छन् भन्ने पक्ष नै परिवेशअन्तर्गत आउने मुख्य विषयहरू हुन् । कोइरालाद्वारा लिखित *हिटलर र यहुदी* उपन्यासमा परिवेशअन्तर्गतका यिनै देश, काल र वातावरणको अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

प्रस्तुत अध्ययन *हिटलर र यहुदी* उपन्यासमा निहित परिवेशगत सन्दर्भको अध्ययनमा केन्द्रित छ । उक्त उपन्यासको परिवेशलाई चित्रण गर्नु यस अध्ययनको समाधेय समस्या हो । हुन त प्रस्तुत उपन्यासलाई साहित्यशास्त्र र भाषाशास्त्रमा प्रचलित विभिन्न सिद्धान्तको प्रयोग गरी विश्लेषण गर्न सकिन्छ तर प्रस्तुत अनुसन्धानमा उपन्यासको विधातत्त्वका रूपमा रहेको परिवेशलाई अध्ययनको मूलआधार मानी त्यस समीक्षाशास्त्रले उपन्यास विश्लेषणका लागि अघि सारेका मान्यताका आधारमा निर्धारित उपन्यासको परिवेशको अध्ययन गरिएको छ । यस उपन्यासको स्थानगत र कालगत परिवेश तथा यस उपन्यसमा प्रयुक्त वातावरणको अध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

प्रस्तुत अध्ययन *हिटलर र यहुदी* उपन्यासमा प्रस्तुत परिवेशको विश्लेषणमा मात्र केन्द्रित छ । उपन्यासमा निहित परिवेशअन्तर्गतका कालिक, स्थानिक र वातावरणीय पक्षको मात्र अध्ययन गरी अन्य पक्षको अध्ययनमा केन्द्रित नरहनु यस अध्ययनको सीमा हो ।

प्रस्तुत अध्ययन *हिटलर र यहुदी* उपन्यासमा निहित परिवेशको उद्घाटनमा केन्द्रित रहेकाले यसलाई ज्ञानार्जनको नवीन अभ्यासका रूपमा लिन सकिन्छ । उपन्यासको समीक्षाशास्त्रले उपन्यास विश्लेषणका प्रमुख आधारलाई पनि प्रमुखताका साथ अघि सारेको छ । त्यसैले उपन्यासको विधा तत्त्वअन्तर्गतको एक तत्त्व परिवेश पनि हो । यसै तत्त्वका दृष्टिले निर्धारित उपन्यासको प्रभावकारिताको मूल्याङ्कन गर्नु प्राज्ञिक कार्य हो । यसले ज्ञानको परम्परामा एक नवीन योगदान प्रदान गर्छ । अतः यसको प्राज्ञिक महत्त्व छ । साथै साहित्यसिद्धान्तलाई साहित्यका विधासँग जोडेर अध्ययन गर्ने प्रायोगिक आधार पनि प्रदान गर्छ । अनुसन्धानका दृष्टिले यो मौलिक पनि छ । त्यसैले यसले ज्ञानको सार्वजनिक उपादेयतामा वृद्धि गर्ने हुँदा यसको मौलिक, प्रायोगिक र प्राज्ञिक महत्त्व छ ।

## अध्ययन विधि र विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमध्ये उद्देश्यमूलक नमुना छनोटका आधारमा *हिटलर र यहुदी* उपन्यासलाई छनोट गरिएको छ । यस अनुसन्धानमा परिवेश विश्लेषणका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालयीय पद्धतिको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत रहेर *हिटलर र यहुदी* उपन्यास तथा द्वितीयक स्रोतअन्तर्गत सो उपन्यासको विधातत्त्वमा रहेर गरिएका पूर्वकार्यलाई उपयोग गरिएको छ । त्यस्तै परिवेशको सैद्धान्तिक पक्षसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यलाई पनि उपयोग गरिएको छ ।

साहित्यमा देश, काल र वातावरणको समग्र रूपलाई परिवेश भनिन्छ । परिवेशअन्तर्गत देश, काल र वातावरण अन्तनिर्हित भएर आउने हुनाले यसलाई सेटिङ पनि भनिएको हो । परिवेशलाई पर्यावरणसँग पनि जोडेर हेर्ने गरिएको पाइन्छ । "मूलतः आख्यानका सन्दर्भमा हेर्दा परिवेशले इतिवृत्तको क्रम र प्रकृतिलाई परिभाषित गर्ने वा चरित्रहरूको बाह्य चरण एवम् बाह्य परिवेशलाई विशिष्टता प्रदान गर्ने प्रकृति, मानवीय सम्बन्ध एवम् सामाजिक - आर्थिक पृष्ठभूमि आदि हो भन्ने प्रस्ट हुन्छ" (नेपाल, ई. २००५, पृ. १४) । वास्तवमा परिवेश आन्तरिक र बाह्य गरी दुईवटा हुन्छन् । बाह्य परिवेशअन्तर्गत देश, र काल आउँछन् । देश र काल आउँदा त्यससँगै तानिएर आउने तत्कालीन र तत्स्थानिक संस्कृति पनि परिवेश निर्माणको मुख्य आधार हो । साहित्यिक कृतिमा वर्णित भएका स्थानसँग सम्बद्ध विभिन्न घटना, संस्कृति, चालचलन, विचारधारा आदिको प्रतिनिधित्व साहित्यमा भएको हुन्छ । त्यस्तै तत्कालीन कालिक सन्दर्भसँग जोडिएर आउने अनेक सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि प्रसङ्गहरूले पनि साहित्यमा परिवेशको निर्माण गरेका हुन्छन् । परिवेश यथार्थ र मिथकीय गरी दुई प्रकारको हुन्छ । यथार्थ परिवेश वर्तमानसँग सम्बन्धित हुन्छ

भने मिथकीय परिवेश अतीत वा मिथकसँग सम्बन्धित हुन्छ । त्यस्तै जनश्रुति वा लिजेन्ड पनि साहित्यको परिवेशअन्तर्गत आएको हुन्छ । "त्यसैले परिवेश साहित्यमा वर्णित देश, काल र वातावरण तथा त्यसको समग्र सेटिङसँग सम्बन्धित छ" (बराल र एटम, २०५६, पृ. ३५) । वातावरणअन्तर्गत देश र कालअन्तर्गत घटेका घटनाका कारणले उत्पन्न मानसिक चित्तवृत्तिसँग सम्बन्धित मानसिक पक्षहरू आउँछन् । साहित्यमा वर्णित विभिन्न घटना र सन्दर्भलाई ग्रहण गरेर पाठकमा के कस्तो भाव उत्पन्न हुन्छ तथा समग्रमा साहित्यमा के कस्तो मानसिक अनुभूति गराउने किसिमको वातावरण निर्माण भएको छ त्यो नै साहित्यिक कृतिको पठनका क्रममा आउने मानसिक वातावरण हो यसबाट पाठकका करूणा, ईर्ष्या, संवेग, अन्तर्द्वन्द्व, आवेग, डर जस्ता मनौवैज्ञानिक पक्षहरूको अस्थायी र स्थायी सञ्चरण हुने गर्छ । पाठकलाई रसको आनन्दसम्म पुग्न साहित्यिक कृतिभित्रको भय मिश्रित र राग मिश्रित आकर्षण वा विकर्षणले सहयोग गर्दछन् ।

साहित्यमा देश भनेको पात्रले आफ्नो कार्यकलाप गर्ने ठाउँ भन्ने बुझिन्छ । त्यस्तै काल भन्नाले पात्रले आफ्नो कार्यकलाप प्रस्तुत गरेको समयलाई बुझिन्छ । साहित्यिक कृतिमा घटेको कार्य विवरण कहिलेको हो र त्यो कार्य कुन स्थानमा घट्यो भन्ने प्रश्नको उत्तरसँग देश र कालको सम्बन्ध रहेको छ । "देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो; जहाँ पात्रले कार्य गरेको स्थल र समयवृत्त आउँछन्" (बराल र एटम, २०५६, पृ. ३५) । देश र कालको सन्दर्भले साहित्यिक कृतिमा प्रस्तुत विभिन्न कार्यव्यापारगत घटना सन्दर्भभित्र संस्कृतिका रूपमा रहेका पक्षहरूका साथै उपन्यासभित्र र बाहिरको संसारका यावत् पक्षहरू विश्वसनीय रूपले प्रस्तुत हुन्छन् । यसै कारणले साहित्यिक कृतिमा स्थानीय रङ वा आञ्चालिकताको सिर्जना हुन पुग्छ । स्थानीय रङअन्तर्गत स्थान र कालिक सन्दर्भले नै भूमिका खेल्दछ । स्थानीय रङ भन्नाले निश्चित स्थानको निश्चित समयको पर्यावरणलाई जनाउँछ । यसअन्तर्गत मानवीय सांस्कृतिक र प्राकृतिक पक्षको समग्रता आउँछ । त्यसैले स्थानीय रङ पनि परिवेशअन्तर्गत नै समेटिन्छ । "साहित्यकारले साहित्यमा कथावस्तु र साहित्यको चरित्रको संयोजन गर्दा खास समय, खास स्थान, भूगोल, इतिहास तथा समयको सम्बन्ध परिवेशसँग रहन्छ" (बराल, २०६३, पृ. ५४) । परिवेशले उपन्यासमा वर्णित घटनाभित्र संस्कारजन्य कुराका साथै बाह्यान्तरिक संसारका बिच भूमिका खेलेको हुन्छ । यसमा रङ्को भाव उत्पन्न हुन्छ । यसले उपन्यास लेखनको समयभन्दा पनि उपन्यासमा प्रस्तुत गरिएको वा घटेको समय भन्ने बुझाउँछ (लामिछाने, २०६३, पृ. १५) । वातावरणले साहित्यमा प्रस्तुत गरिएको स्थान र समयको प्रभावले सिर्जना हुने घटना र प्रतिघटना तथा त्यसबाट साहित्यमा उत्पन्न मानसिक प्रभावलाई बुझाउँछ । कुनै स्थानको परिवेश उतारिनु अथवा समाजको इतिवृत्त उतार्ने काम हुनु वातावरणको कार्य मानिन्छ । यसभित्र जाति भाषा, संस्कार, संस्कृति, धर्म, नीति, रहनसहन, चालचलन आदि आउँछन् । वातावरण देशकालका तुलनामा सूक्ष्म मानिन्छ । यसमा आख्यानको कथानक अगाडि बढ्दै जाँदा पात्र/ पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध, वितृष्णा आदिको अनुभूति हुन्छ । "मानसिक अवस्थासँगको सान्निध्यले पाठकका मनमा आशक्ति क्षोभ, पीडा, विषादि आदि उत्पन्न गराउँछ । आख्यानको कथानकसँग सम्बन्धित भएर आउने पात्रका मानसपटलमा एक प्रकारको

भाव तरङ्ग उत्पन्न गराउने गर्छ" (लामिछाने, २०६६, पृ. १८३) । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिनछ । "उपन्यासको घटना वा पात्रको कार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाई दिन पनि सक्छ जसले गर्दा उसका मनमा विषाद, आशक्ति, क्षोभ, हर्षजस्ता गुण अवगुणहरूका मूल फुट्दछन् अर्थात् स्थायी भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ" (बराल र एटम, २०५६, पृ. ३३) । यसै सैद्धान्तिक मान्यताको उपयोग गरेर कोइरालाद्वारा लिखित *हिटलर र यहुदी* उपन्यासको विश्लेषण गरिएको छ ।

## उपन्यासको पृष्ठभूमि र कथ्य

*हिटलर र यहुदी* उपन्यासमा प्रथम र द्वितीय विश्वयुद्धले पारेको नकारात्मक प्रभावलाई चित्रण गरिएको छ । 'म' पात्रको यात्रा वृत्तान्तका रूपमा आएको यस उपन्यासलाई आत्मसंस्मरणात्मक शैलीको उपन्यासको रूपमा पनि लिन सकिन्छ । यसमा जाति भेद, रङ्ग भेद, लिङ्ग भेद जस्ता अनेक मानव विरोधी गतिविधिको चर्चा गरिएको छ । प्रथम र द्वितीय विश्व युद्धकालीन युरोपेली समाजको पनि यस उपन्यासमा चित्रण गरिएको छ । साथसाथै तत्कालीन विश्व मानवको चेतनाको अवस्था, स्तर, राजनीतिक, सामाजिक, आर्थिक अवस्था, विभिन्न जातीय र लैङ्गिक विषयहरूको पनि उल्लेख गरिएको छ । यस उपन्यासमा विसङ्गतिवादी चिन्तन, शून्यवादी चिन्तन, गीता दर्शनअन्तर्गतको नियति जस्ता अनेक दार्शनिक मान्यता पनि यस उपन्यासमा आएका छन् । आफ्नो स्वास्थ्योपचारका लागि सुरूमा बम्बइ र त्यसपछि युरोपको यात्रामा निस्किएको 'म' पात्रले यात्राका क्रममा जे जस्ता घटना र अनुभवहरू हासिल गरेको छ त्यसैको वैचारिक प्रस्तुतिका क्रममा दर्शनको प्रयोग भएको छ । यो उपन्यासको भावभूमि पूर्वीय गीता दर्शनबाट सुरू भएर पाश्चात्य विसङ्गतिवादी दर्शनमा पुगेर अन्त्य भएको छ । भगवद्गीतामा प्रतिपादित नियतिवादी दर्शनका कोणबाट यस उपन्यासमा जीवन र जगत्लाई हेर्ने प्रयत्नका लागि नारायणन् नाम गरेको पात्रलाई अघि सारिएको छ । उसले जीवन र जगत्लाई गीता दर्शनमा प्रतिपादित नियतिका विचारबाट हेर्ने प्रयत्न गरेको छ । त्यस्तै जब 'म' पात्र फ्रान्स र जर्मनजस्ता देशहरूको भ्रमण गर्न पुग्छ तब ऊ सिङ्गो मानवताको विनाश भएको देखेर दु:खी हुन्छ । खास गरी द्वितीय विश्वयुद्धले ध्वस्त भएको युरोपले 'म' पात्रलाई द्रवीभूत बनाउँछ । द्वितीय विश्वयुद्धले निम्त्याएका परिणामहरू अत्यन्त बीभत्स हुन्छन् । खरानीमा परिणत भएको जर्मनको डबलिन सहरलाई देखेर 'म' पात्रले जीवनको विसङ्गत अवस्थाको तथा नारायणन्ले मानवको नियतिवादी भाग्य र दुर्भाग्यलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । महाभारतको लडाइँ र हिटलरले मच्चाएको नरसंहार दुवै मानवता विरोधी क्रियाकलाप हुन् । यी घटनालाई केवल नियति भनेर मात्र उन्मुक्ति दिनु हुँदैन भन्ने मानवतावादी चिन्तन यस उपन्यासमा व्यक्त छ । यस उपन्यासमा नारायणन्, हिटलर र ईश्वर आदिका प्रसङ्ग र संवादबाट जति पनि विचारहरू प्रस्तुत गरिएका छन् ती गीता दर्शनमा आधारित छन् । हिटलरले ईश्वरसँग दिएको दिएको प्रतिउत्तर व्यङ्ग्यपूर्ण रूपमा आएका छन् । "मानवतावादी दृष्टिले हेर्दा दुवै युद्धमा नरसंहार भएको, दुवै युद्धमा युद्धको मर्यादा तोकिएको, दुवै युद्धमा मानवताको हनन् भएको, दुवै युद्धमा शक्तिको दुरूपयोग भएको कुरालाई

सङ्केत गरेर युद्ध विरोधी दर्शनको समर्थन गर्ने काम उपन्यासबाट भएको देखिन्छ" (चालिसे, २०६९, पृ. ३५२) । यसबाट पनि कोइरालाको मानवतावादी दर्शन स्पष्ट हुन्छ ।

प्रस्तुत उपन्यासको पृष्ठभूमि दोस्रो विश्वयुद्ध र त्यसको परिणामलाई आधार बनाएर निर्माण गरिएको छ । त्यस युद्धले निम्त्याएको विनाशमा मानवतावादी दृष्टिकोणलाई केन्द्रमा राखिएको छ । मानवताको विकल्पको केही पनि हुन सक्दैन भन्ने विचार पनि यस उपन्यासमा व्यक्त छ । महाभारतको युद्ध र दोस्रो महायुद्धमा मारिएका मानिसहरू समान रूपले निर्दोष थिए र यी दुवै युद्धका आयोजक भगवान् श्रीकृष्ण र हिटलर समान रूपले दोषी छन् ; तथा यी दुवै मानवता विरोधी हुन् भन्ने दृष्टिकोण उपन्यासको केन्द्रीय कथ्यका रूपमा व्यक्त गरिएको छ । "उपन्यासकारको बुद्धि पक्ष सक्रिय हुँदा युद्धको प्रकृति, युद्धको अवस्था, समय र परिस्थिति अनि युद्धको कारण र त्यसको परिणामलाई र सबै उत्तिकै महत्त्वपूर्ण हुनेतर्फ सङ्केत गर्दै नियतिजन्य परिणामलाई उपन्यासकारले स्वीकार गर्न चाहेको बुझिन्छ" (चालिसे, २०६९, पृ.२८४) । समग्रमा यस उपन्यासले सबै प्रकारका मानव विनाशक युद्धहरूको सशक्त विरोध गरेको छ । कुनै पनि मूल्यमा नरसंहारलाई स्वीकार गर्न नसकिने र नहुने भाव सुन्दर औपन्यासिक प्रकरणका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

## विमर्श र नतिजा

*हिटलर र यहुदी* उपन्यासमा नेपाल, भारत तथा युरोपको परिवेश प्रस्तुत भएको छ । यो उपन्यास एघार वटा अध्यायमा संरचित छ । यस उपन्यासको सुरूवातमा नै बम्बइ सहरको परिवेश आएको छ । त्यहाँको व्यस्त दैनिकी तथा क्रियाकलापलाई उल्लेख गरिएको छ । त्यसपछिको अध्यायमा 'म' पात्र बम्बइबाट नेपाल फर्किएको छ । त्यसैले नेपालको परिवेश दोस्रो अध्यायमा आएको छ । त्यसपछिका दुईवटा अध्यायहरूमा हिन्द महासागर हुँदै क्रमशः युरोपसम्मको सामुद्रिक यात्रा र त्यसअन्तर्गतको परिवेश आएको छ । पानी जहनाजको दैनिकी, त्यसभित्रको परिवेश आदिलाई निकै सूक्ष्म रूपमा यस उपन्यासमा उतारिएको छ । त्यसपछिको परिवेश बेलायतबाट सुरू भएको छ । त्यहाँ 'म' पात्रले केही हप्ता स्वास्थ्योपचार गराएको छ । त्यसपछि ऊ युरोपका विभिन्न देशहरूको भ्रमणमा निस्किएको छ । लन्डन, पेरिस, हानओभर, बर्लिन जस्ता सहरको परिवेशलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । अन्त्यमा 'म' पात्र इजरायलमा पुगेपछि यो उपन्यास समाप्त भएको छ । यसरी हेर्दा प्रस्तुत उपन्यासले अन्तर्राष्ट्रिय परिवेशलाई ग्रहण गरेको प्रस्ट हुन्छ । यसभित्रको परिवेशलाई देश, काल र वातावरणका आधारमा छुट्याउन सकिन्छ ।

### उपन्यासमा स्थानगत परिवेश

प्रस्तुत उपन्यासमा अन्तर्राष्ट्रिय परिवेशको निर्माण भएको छ भन्ने माथिका सन्दर्भमा सङ्केत गरिएको छ । यस उपन्यासको स्थानगत सन्दर्भमा नेपाल, भारत र युरोपसम्मका विभिन्न स्थानहरू आएका छन् । त्यस्तै सामुद्रिक जलयात्राको स्थलगत परिवेश पनि यस उपन्यासमा आएको छ । यिनै ठाउँहरू

र ती ठाउँसँग सम्बन्धित विभिन्न घटनाक्रमहरूद्वारा प्रस्तुत उपन्यासको निर्माण गरिएको छ । यो उपन्यास आत्मसंस्मरणात्मक शैलीमा लेखिएको छ । यात्राका क्रममा 'म' पात्रले अनुभूत गरेका कुरा, पुगेका स्थान र अनेक घटनाहरूको कलात्मक अभिव्यक्ति उपन्यासमा भएको छ । सुरूमै प्रस्तुत उपन्यासमा भारतको बम्बइ सहरको परिवेश आएको छ । बम्बइ महानगरको अतिव्यस्त दैनिकीलाई यसमा प्रस्तुत गरिएको छ । तलको साक्ष्यबाट यस कुरको पुष्टि गर्न सकिन्छ :

विक्टोरिया स्टेसनबाट बाहिर निस्कने बित्तिकै ज'श्न अजङ्गका अट्टालिकाहरू, स्टेसनको घर, डाकघर, कर्पोरेसन अफिस, सिनेमाघर रटाइम्स अफ इन्डियाको इमारतको छायातल आफूलाई पाएपछि त्यो सहरको पहिलो प्रभावबाट ऊ कहिल्यै मुक्त हुन सक्तैनथ्यो । (पृ. १)

त्यस्तै बम्बइको कोलाहल, अति घना जनघनत्व, ठुलाठुला उद्योग, कलकारखानाहरू, ठुलाठुला घरहरू, सामुद्रिक किनारको परिवेश तथा त्यस सामुद्रिक इलाकामा हुने रात्रीकालीन देहव्यापार आदिलाई प्रस्तुत गरिएको छ । तलको साक्ष्यले यसको पुष्टि गर्छ :

म सडकमा केही कदम अगाडि बढेको मात्र थिएँ, मन्दाकिनीको सर्पको खुसखुस आवाज सुनेँ – सेठ राम्री केटी चाहिन्छ ? (पृ. ७)

त्यसै गरी यस उपन्यासमा नेपालको परिवेश पनि आएको छ । यसअन्तर्गत 'म' पात्र जेलमा रहेको (पृ.१) स्मृतिगत सन्दर्भ रहेको छ । उसको काठमाडौँमा घर रहेको प्रसङ्ग पनि यसमा छ । बम्बइका तुलनामा काठमाडौँ अविकसित र सुविधाविहीन अवस्था रहेको परिवेश पनि देखाइएको छ । त्यसपछि पुनः यस उपन्यासमा बम्बइको प्रसङ्ग आएको छ । 'म' पात्र उपचारका लागि युरोप जाने क्रममा पानीजहाज चढ्न बम्बइ पुगेको प्रसङ्ग छ । त्यसपछि समुद्री यात्रा सुरू भएको छ । तलको साक्ष्यबाट यसको पुष्टि गर्न सकिन्छ :

ठिक आजको साता बम्बईबाट एउटा जहाज त जाने रहेछ । ...त्यसको सात दिनपछि बम्बईबाट हिमालय भन्ने जहाजबाट रमाना भएँ । (पृ. १६)

उपन्यासमा पानीजहाजभित्रका विभिन्न घटनाक्रमहरू प्रस्तुत भएका छन् । 'म' पात्रको युरोप यात्रा लन्डन महानगरबाट भएको छ । "लन्डनले उज्यालो रूप देखाएन मेरो ऊसँगको प्रथम परिचयमा" (पृ.६७) भन्ने कथनबाट यसको पुष्टि हुन्छ । ऊ उपचारका लागि ब्रिटेनको लन्डन स्थित अस्पतालमा भर्ना भएको छ । ऊ लन्डन महानगरका विभिन्न स्थलमा घुम्ने क्रममा त्यहाँको स्थानहरू पनि उपन्यासमा आएका छन् । लन्डनमा घुम्ने क्रममा सेक्सपियर जन्मेको ठाउँ स्ट्राटफोर्ड स्टकहोम आदि स्थलहरू घुमेको छ । त्यस्तै उसले अझ भित्री स्थानहरू घुम्दै जाँदा द्वितीय विश्वयुद्धले तहसनहस भएको बेलायती समाजलाई अवलोकन गर्ने अवसर पाएको छ । युद्धले ध्वस्त पारेको सहर, चर्च, रेल्वे प्लेटफार्मको चर्चा पनि यस उपन्यासमा छ । तलको साक्ष्यले यसको पुष्टि गर्छ :

ध्वस्त भएका घरहरू, पाटो लडेको गिर्जाघर, पुलहरूको खम्बा मात्र, रेलका लाइन बाङ्गिएका, फाटेका, चिरापरेका , भास्सिएका सडकहरू – प्रकृति र कालको युगल हातले अझै ढाक्न नसकेका मलिन दृश्य । (पृ. ७७)

युद्धपछिको पुनर्निर्माणको अवस्थालाई "युरोप फेरि जोडतोडका साथ बन्न लागेको छ ...तर त्यो मरमत र पुननिर्माणको कार्य पनि कस्तो विध्वंशमय" (पृ. ७७) भन्ने साक्ष्यमार्फत उपन्यासमा देखाइएको छ । यसको पुष्टि बुल्डोजर, ट्रयाक्टर आदिका चर्का आवाजहरू, धुलोधुवाँ आदि तथा विनष्ट बनेको युरोपीय सौन्दर्यको माध्यमबाट गरिएको छ । त्यस्तै 'म' पात्र यात्राको क्रममा जर्मन पुगेकाले त्यहाँको स्थानिक सन्दर्भ पनि यस उपन्यासमा आएको छ । जर्मनको बर्लिनलाई युद्धले क्षतविक्षत भएको सहरका रूपमा देखाइएको छ । युद्धले बर्लिन सहरलाई खण्डहरमा परिणत गरेको छ । चारैतिर युद्धको विकराल विभीषिकाको प्रभाव कायमै रहेको देखाइएको छ । ध्वस्त भएका सडक, खण्डहरमा परिणत घरलाई यस उपन्यासमा देखाइएको छ । यसको पुष्टि तलको साक्ष्यबाट गरिएको छ :

हिटलरको शाही महानगर अहिले धुलोमा अडेको छ । युद्धको ध्वंशको वर्णन जो मैले अरू पत्रमा लेखेको छु त्यसलाई केही अङ्कले गुणा गरेर पढ । त्यो बर्लिनको वर्णन हुनेछ । कैसर विल्हेम स्मारक चर्चको के वर्णन गरूँ जसको शिर ठुँगिएको छ । (पृ. ७९)

त्यस्तै हिटलरको दरबार, उसकी प्रेमिकाको भयङ्कर चिहान, हिटलरको बङ्कर, मान्छे पोल्नका लागि बनाइएको विशाल भट्टी, खरानीको डङ्गुर, जुत्ता र चप्पलको विशाल थुप्रो आदि स्थानिक परिवेशका रूपमा आएका छन् । हिटलरले साठी लाख यहुदीहरूलाई जिउँदै पोलेको ग्यास च्याम्बरको अवशेष पनि देखाइएको छ । त्यस्तै जर्मनपछि यस उपन्यासमा पेरिसको वर्णन गरिएको छ त्यहाँ पनि युद्धले क्षतविक्षत बनाएका विभिन्न खण्डहरूलाई देखाइएको छ । त्यसपछिको 'म' पात्रको यात्रा इजरायलमा पुगेर सिङ्गो उपन्यासको स्थानिक सन्दर्भ समाप्त भएको देखाइएको छ ।

## उपन्यासको कालिक परिवेश

प्रस्तुत उपन्यासमा वर्णित भएका घटना सन्दर्भ तथा 'म' पात्रको भ्रमणका प्रसङ्गबाट नै उपन्यासको समय निर्धारण गर्नुपर्ने देखिन्छ । यस उपन्यासमा वर्णित घटना सन्दर्भबाट हेर्दा दुई महिना जतिको समय उपन्यासको कार्यव्यापारका क्रममा खर्च भएको देखिन्छ । 'म' पात्र बम्बइमा उपचार गर्न जानु, केही दिन बसेर उपचार गरेपछि नेपाल फर्कनु, नेपालमा केही दिन बसेर युरोप यात्राको तयारीमा लागेको एक हप्ता समय, त्यस्तै पुनः बम्बइ गई पानी जहाजमा बिताएको एघार दिन, लन्डनमा उपचार गर्न बिताएको करिब तीन हप्ताको समय, उपचारपछि युरोप यात्रामा बिताएको एक हप्ता भन्दा बढी समय र प्रस्ट समय उल्लेख नभई प्रस्तुत भएका घटनाक्रमले यस उपन्यासको कथावस्तु विकसित भई घटना प्रतिघटना हुँदै फलागमसम्म पुग्न करिब दुई महिनाजतिको समय लागेको अनुमान गर्न सकिन्छ । तलका केही साक्ष्यले उपन्यासको कालिकताको पुष्टि गर्दछन् :

जेलबाट छुटेर म ओखती गराउन बम्बइ आएको थिएँ । यसभन्दा अघि एकचोटि धेरै बर्ष पहिले पनि बम्बइ आएको थिएँ । (पृ. १)

ठिक आजको साता बम्बईबाट एउटा जहाज त जाने रहेछ । ...त्यसको सात दिनपछि बम्बईबाट हिमालय भन्ने जहाजबाट रमाना भएँ । (पृ. १६)
एघार दिनसम्म त्यही जहाज यात्रीहरूको सहर थियो । (पृ. १७)
लन्डनमा म एउटा क्लिनिकमा भर्ना भएँ जहाँ मैले तीन हप्ता उपचारमा रहनुपऱ्यो । (पृ. ७०)
धेरै दिन त के भएको थियो र केवल केही हप्ता मैले जर्मनीमा बिताएँ । (पृ. ११९)

उपन्यासको कार्यव्यापारका घटना घटित समय दुई महिना भए पनि यसमा 'म' पात्रको स्मृति सन्दर्भमा रहेका अनेक प्रसङ्गले मात्र उपन्यासको समय विस्तार भएको छ । यसमा दोस्रो विश्वयुद्धका पछिल्ला चार वर्षहरू पनि लियोनार्डोका माध्यमबाट प्रस्तुत गरिएको छ । यतिमात्र नभएर 'म' पात्रले आफ्नो बाल्यकालको समेत वर्णन यस उपन्यासमा गरेको छ । त्यस्तै थियोडोराको स्मृति सन्दर्भका माध्यमबाट कालिक परिवेश सिर्जना गरिएको छ । त्यसै गरी नारायणन् र रेवाका अतीतकालीन प्रसङ्गबाट कालिक परिवेशको सिर्जना गरिएको छ । यी सबै प्रसङ्गबाट उपन्यासमा वर्णित समय सन्दर्भको सीमा विस्तारित भएको छ । यस उपन्यासमा वर्णित यी सबै परिधीय समय सन्दर्भहरू हुन् । यस उपन्यासको केन्द्रीय समय भने 'म' पात्रले यात्राका क्रममा बिताएको समय र त्यसमा पनि प्रत्यक्ष रूपमा घटेका घटनाक्रमसँग जोडिएर आउने समय नै हो । यसैलाई यस उपन्यासको समयका रूपमा लिन सकिन्छ । अन्य समयलाई मनोगत र पृष्ठभूमिगत समयका रूपमा लिन सकिन्छ । उपन्यासमा घटित भएका प्रत्यक्ष र स्मृति सन्दर्भका माध्यमबाट आएका समयगत सन्दर्भले उपन्यासमा पाठकीय अभिरूचिमा वृद्धि गरेको छ । त्यस्तै कालिक परिवेशसँग जोडिएर आएका ऐतिहासिक सन्दर्भले एकातिर औपन्यासिक विश्वसनीयताको निर्माण भएको छ भने अर्कातिर यथार्थ तथ्यात्मकताको अङ्कन पनि उपन्यासमा हुन गएको छ । त्यसैले कालिक परिवेशका माध्यमबाट उपन्यासको औपन्यासिक प्रभावोत्पादकतामा वृद्धि भएको छ ।

## उपन्यासको वातावरणीय परिवेश

*हिटलर र यहुदी* उपन्यासको वातावरण विषादमय छ । मूलतः पात्रको मनोगत भावना तथा घटना र प्रतिघटनाका सन्दर्भबाट यस उपन्यासमा विभिन्न संवेगहरू उत्पन्न भएका छन् । खासगरी यसमा विषाद, दुःख, भय, त्रासदी, क्षोभ, क्रोध, घृणा आदिबाट उपन्यासको वातावरण निर्माण भएको छ । त्यस्तै यसमा विभिन्न जातीय, लैङ्गिक, साम्प्रदायिक र संस्कृतिगत पक्षहरूबाट समेत घटना र प्रतिघटनाको निर्माण भई उपन्यासको वातावरण थप विषादमय बन्न पुगेको छ । त्यस्तै प्रेम, आकर्षण, घृणा, विचार, विभिन्न व्यक्तिहरूका दर्शन तथा जीवनचेतनाले पनि यस उपन्यासको वातावरण निर्माण गर्न सहयोग पुऱ्याएका छन् । यसमा मूलत : प्रेम, घृणा, आकर्षण, विकर्षण तथा त्यसबाट उत्पन्न द्वन्द्वको अवस्थालाई देखाइएको छ । यसै आकर्षण र विकर्षणका कारणले उत्पन्न राग र विरागको उत्पन्न भएको छ । लक्ष्मी र 'म' पात्र, तथा यात्राका क्रममा घटित भएका 'म' पात्र र अन्य

पात्रसँग जोडिएका घटनाहरूबाट जीवनमा प्रेम, आकर्षण र रागको भावनाजन्य सुखद वातावरणको निर्माण भएको छ भने हिटलर, कृष्ण तथा तिनका नेतृत्वमा भएका महायुद्धहरूले घृणा, क्रोध, पीडा, दुःख तथा विकर्षणजन्य वातावरणको निर्माण भएको छ । एउटै उपन्यासभित्र प्रेम, शारीरिक तथा आत्मिक आनन्दको उत्कर्षता एवम् युद्धजन्य विभीषिका र त्यसले निम्त्याएको विकट वातावरणलाई देखाइएको छ । त्यसैले यसमा एकातिर उल्लास, उमङ्ग र रसिक वातावरण छ भने अर्कोतिर युद्धले ध्वस्त पारेको मानव जीवनको कुरूप र विकराल रूपको चित्रण पनि छ । युद्धजन्य कारणबाट यस उपन्यासमा विसङ्गति, क्षोभ, वितृष्णा, निरसता तथा विरागलाई प्रस्तुत गरिएको छ । "प्रस्तुत उपन्यासमा सुख-दुःख, आकर्षण-विकर्षण, माया, मोह, प्रेम-घृणा, जन्म-मृत्यु, युद्ध-शान्ति इत्यादि अवस्थाहरू समयको नियमित क्रममा हुने जीवनका अनिवार्यताहरू भएकाले जीवनलाई ज्ञान/मनको गहिराईबाट हेर्दा यी कुनै कुराहरू पनि त्यति महत्त्वपूर्ण नहुने हुँदा शोक, चिन्ता, निराशा, घृणा, क्रोध आदि भाव जगाउनु नै व्यर्थ छ भन्ने सन्देश प्रवाह गर्ने आध्यात्मिक जीवनतर्फ अभिप्रेरित गर्ने शान्त वातावरणको झलक प्राप्त गर्न सकिन्छ" (चालिसे, २०६९ पृ. २७४) । यस उपन्यासको वातावरण निर्माण गर्ने सूत्रधार 'म' पात्र रहेको छ । साथसाथै 'म' पात्रकै उपस्थितिमा मात्र यस उपन्यासको वातावरणले पूर्णता प्राप्त गरेको छ ।

प्रस्तुत उपन्यासमा युद्धविरोधी विचार राख्ने 'म' पात्र त्यसका विपरीतको स्थिति भोग्नुपर्ने बाध्यता पुगेपछि नै यस उपन्यासको वातावरणले उत्कर्षता प्राप्त गरेको छ । उपन्यासको पहिलो अध्यायमा 'म' पात्र युद्धजन्य अभिव्यक्ति तथा इजरायली र पेलेस्टाइनीको तिक्ततापूर्ण सम्बन्धले द्रवीभूत भई उसमा कारूणिक भावनाको जागृत भएको छ । इजरायली डेबिड र लेबनानी पत्रकार मिस मार्गरेटको तिक्ततापूर्ण सम्बन्धबाट 'म' पात्र आफैँभित्र हराउन पुगेको छ । उसका मनभित्र एक करूणा र विषाद उत्पन्न भएको छ । किन ? तिमी कहीँ छैनौ ? के भयो तिमीलाई ? कहाँ हराएर आयौ आफूलाई (पृ. १०) भन्ने लक्ष्मीको कथनले 'म' पात्रमा सुरू भएको अन्तर्द्वन्द्वलाई देखाएको छ । युद्धको त्रासदी र त्यसले निम्त्याएको बीभत्स कारूणिकताका कारणले उपन्यासमा उत्पन्न भएको कारूणिक वातावरणलाई यसले देखाएको छ । जुन जातिले हालै हिटलर युगको पछिल्लो तीन चार वर्षमै आफ्ना साठीलाई सदस्यहरूलाई नर-नारी, आबाल, वृद्ध, आफ्नै आँखाको अगाडि भट्टीभित्र खरानी भएको देख्यो त्यसको कुनै पनि प्रतिनिधिले भनेको कुराले हृदयमा स्वीकृतिको ध्वनि उठाउँछ (पृ. ४) भन्ने 'म' पात्रको कथनले द्वितीय विश्वयुद्ध, त्यस विश्वयुद्धमा भएको नरसंहार र त्यसले निम्त्याएको वातावरण कति पीडादायी, वियोगान्त, कारूणिक र बीभत्स थियो भन्ने कुराको पुष्टि गर्छ । त्यस्तै खण्डहरमा परिणत भएको युरोप तथा त्यहाँको संस्कृतिले थप कारूणिकताको पुष्टि गर्छ । एक मात्र आस्थाको केन्द्रका रूपमा रहेको ईश्वर पनि मारिसकेको सन्दर्भले त्यस युरोपीय समाजमा कति विसङ्गत मनोकुण्ठाहरू युद्धले सिर्जना गरेको थियो भन्ने पुष्टि हुन्छ । थियोडोराको प्रश्न "तिमीहरू कहाँ अझै देउता बाँकी छन् ? यहाँ त शून्य भयो" (पृ. ८४) ले माथिको कथनलाई पुष्टि गर्छ । यस उपन्यासमा प्रेमबाट बिछोड भएका यौवन यौवनीहरूको कारूणिक प्रेम प्रसङ्ग पनि छ । यसको प्रमाणका लागि थियोडोरा र युवकको प्रेम प्रसङ्गलाई लिन सकिन्छ । थियोडोराले 'म' पात्रलाई आफ्नो स्मृति सन्दर्भ सुनाउँदै भनेको "त्यो फर्केन फेरि, एउटा चिठी मात्र आयो । अनि बुझैँ बर्लिनको आखिरी मोर्चामा खटिएको थियो रे, कुन मोर्चामा, कता थाहा भएन । मेरो प्रणय बस, त्यही एउटा

चुम्बन हो, जसलाई मैले अधीर भएर खोसेर लिएकी थिएँ" (पृ. ८२) कथनले प्रस्तुत उपन्यासमा निहित अत्यन्त भयावह कारूणिक वातावरणलाई उजागर गरेको छ । यस प्रकारको बीभत्स कारूणिक वातावरण हटाउनका लागि रेवा र नारायणन् जस्ता पात्रहरूको पनि प्रयोग गरिएको छ । रेवाले शरीर संस्कृतिको प्रतिनिधित्व गरेकी छे भने नारायणन् आत्मिक तथा दार्शनिक औदार्य संस्कृतिको प्रतिनिधित्व गरेको छ । दुवैले युद्धको उक्त त्रासदीमय बीभत्सतालाई उपन्यासबाट केही समयका लागि भए पनि हटाइ दिएका छन् । नारायणन्ले सबै घटना र प्रतिघटनालाई नियतिसँग दाँजेर अत्यन्त सहज रूपमा लिएको छ । त्यस्तै रेवाले भोग, विलास र आनन्दका माध्यमबाट अतीत र भविष्यको चिन्ता गर्न जरूरी छैन भन्ने रागमिश्रित वातावरणको सिर्जना गरी दिएकी छे । यी सबै प्रसङ्गबाट हेर्दा प्रस्तुत उपन्यासमा मूलतः विश्वयुद्ध र त्यसले निम्त्याएको भयावह त्रासद वातावरणको सन्नाटा र उकुसमुकुसपूर्ण वातावरणको सिर्जना यस उपन्यासमा भएको छ ।

## निष्कर्ष

*हिटलर र यहुदी* उपन्यासको परिवेशले उपन्यासलाई विश्वसनीय र आस्वाद्य बनाएको छ । संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत उपन्यासले 'म' पात्रले यात्राका क्रममा भोगेको र अनुभव गरेका घटनाबाट पूर्णता प्राप्त गरेको छ । यस उपन्यासमा मूलत : अन्तर्राष्ट्रिय परिवेशको प्रस्तुति गरिएको छ । नेपालको काठमाडौँ, भारतको बम्बइ, पानीजहाजको सामुद्रिक यात्रा, बेलायतको लन्डन महानगर, जर्मनको बर्लिन र हानओभर, फ्रान्सको पेरिस तथा इजरायल जस्ता स्थानिक सन्दर्भ र ती स्थानमा भएका विविध कार्यव्यापारबाट प्रस्तुत उपन्यासको स्थानिक परिवेश सृजना भएको छ । त्यस्तै प्रस्तुत उपन्यासले करिब दुई महिनाको प्रत्यक्ष कालिक परिवेशलाई समेटेको छ । 'म' पात्र नेपालबाट बम्बइ उपचारार्थ गएको, नेपाल फर्किएर आएको, पुनः बम्बइ गएको, त्यहाँबाट एघार दिन लामो सामुद्रिक यात्रा गरेको, लन्डनमा तीन हप्ता उपचारमा बिताएको, लन्डनका विभिन्न स्थल घुमेको, जर्मन गएको त्यहाँ उसले बर्लिन र हानओभर भ्रमण गरेको, त्यसपछि ऊ पेरिस गएको र पेरिसबाट इजरायल पुगेको जस्ता घटनासँग कालिक सन्दर्भ जोडिएर आएका छन् । यसका अतिरिक्त द्वितीय विश्वयुद्धको चार वर्षको पछिल्लो अवधि पनि वर्णन गरिएको छ । साथै 'म' पात्रको बाल्यकाल, रेवा, नारायणन् आदिका संस्मरण आदिबाट यस उपन्यासको कालिक सन्दर्भ विस्तारित छ । त्यस्तै युद्धको विभीषिका तथा त्यसको परिणामले निम्त्याएको त्रासदीपूर्ण र उच्चाटलाग्दो वातावरणको सिर्जना यस उपन्यासमा भएको छ । प्रेम, घृणा, नैतिक विक्षोभ, भय, दु:ख, करूणक्रन्दन, पीडा, छटपटी, आर्तनाद आदिजस्ता आवेग र संवेगहरूले उपन्यासको वातावरण अत्यन्त विषादमय र कारूणिक बनाई पाठकीय प्रभावोत्पादकतामा वृद्धि गरेको छ । साथै परिवेशगत औपन्यासिक प्रकरणबाट पाठकीय कुतूहलताको समेत सिर्जना भई उपन्यासको कलात्मकतामा वृद्धि भएको छ । परिवेशगत कुशल प्रस्तुतीकरण र त्यसको परिणामले प्रस्तुत उपन्यासलाई नेपाली साहित्यको विशिष्ट उपन्यासका रूपमा स्थापित गरेको छ ।

## सन्दर्भ सूची

कोइराला, विश्वेश्वरप्रसाद (२०६६). *हिटलर र यहुदी.* ललितपुर : साझा प्रकाशन ।

चालिसे, नारायण (२०६९). *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास.* दाङ : बी. पी. चिन्तन केन्द्र ।

नेपाल, घनश्याम (ई २००५). *आख्यानका कुरा.* सिलिगुढी : एकता बुक्स ।

बराल, ऋषिराज (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६३). *आधुनिक नेपाली उपन्यासमा विसङ्गति बोध.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।